प्रमाणित

आर्थिक वर्ष २०८३/०८४ को तेस्रो नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः
मितिः (२०८३/०५/२२)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) सम्बन्धमा,
३. बालमैत्री खानेपानी तथा शौचालय निर्माण योजनाको म्याद थप सम्बन्धमा,
४. किहुमार्ग कालोपत्रे योजनाको म्याद थप सम्बन्धमा,
५. स्थानीय उत्पादन शुल्क टेण्डर गर्ने सम्बन्धमा,
६. विविध

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०४/१५ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८३।०८४ को दोस्रो बैठकमा भएका निर्णयहरूको समीक्षा गरियो ।निर्णय कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन सहजीकरण गर्न सङ्घीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ अनुसार स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा रहेका ५ विषयक्षेत्र, २० उपक्षेत्र, १०० सूचक तथा २०० उपसूचकमा प्रविष्टि गर्नुपर्ने ३१३ दस्तावेजमध्ये नगरपालिकाका विभिन्न विषयगत शाखाबाट आ. व. २०८२।०८३ मा कार्य सम्पादन गरेका कार्यको विवरण तथा कागजातहरू प्रविष्ट गरेका आधारमा प्राप्त गरेको प्रारम्भिक कुल अङ्क ७५.१ माथि छलफल गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा आ.व. २०८२/०८३ मा सङ्घीय समपुरक योजना अन्तरगत सन्चालन भएको बालमैत्री खानेपानी तथा शौचालय निर्माण योजनाको निर्माण ब्यवसायी इकोजोन आर्किटेक्ट एण्ड कन्सट्रक्सन प्रा.लि ले मिति २०८३/०४/०६ गते बिबिध कारणबस निर्माण कार्य सम्पन्न हुन नसकेकोले सार्बजनिक खरिद ऐन २०६४ को १५ औ संशोधन बमोजिम म्याद थप गरि पाऊ भनि निबेदन पेश गरेकोले सार्बजनिक खरिद ऐन २०६४ को १५ औ संशोधन बमोजिम उक्त योजनाको म्याद २०८३ मंसिर मसान्त सम्म म्याद थप गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८२/०८३ मा सङ्घीय बिशेष योजना अन्तरगत सन्चालन भएको किहुमार्ग कालोपत्रे योजनाको निर्माण ब्यबसायी हेजल/रुद्रमहादेब कन्सट्रक्सन प्रा.लि ले मिति २०८३/०४/२७ गते बिबिध कारणबस निर्माण कार्य सम्पन्न हुन नसकेकोले सार्बजनिक खरिद ऐन २०६४ को १५ औ संशोधन बमोजिम म्याद थप गरि पाऊ भनि निबेदन पेश गरेकोले सार्वजनिक खरिद ऐन २०६४ को १५ औ संशोधन बमोजिम उक्त योजनाको म्याद २०८३ मंसिर मसान्त सम्म म्याद थप गर्ने ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक ऐन बमोजिम स्थानीय उत्पादनको अन्तरस्थानीय बिक्रीमा लाग्ने स्थानीय उत्पादन शुल्कको विगत तीन आथिक वर्षमा देहाय बमोजिम संकलन भएको देखियो।

| क्र.स | आर्थिक वर्ष | संकलित रकम रु. (मू.अ.कर र अग्रीम आयकर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | २०८०/०८१ | २१,५९,९८६।- | |
| २ | २०८१/२०८२ | ६०,२०,२०७।- | निजी जग्गा उत्खनन भएकोले औषतमा बढी |
| ३ | २०८२/२०८३ | १०,५६,६६४।५ | |

साथै स्थानीय उत्पादन शुल्क संकलन आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ मा पटक पटक बोलपत्र आह्वान गर्दा ठेक्का नपरेको हुँदा नगर प्रहरी परिचालन गरी संकलन गरेको साथै आर्थिक वर्ष २०८२/०८३ मा राजश्व परामर्श समितिको मिति २०८२/०४/०४ गतेको बैठकबाट नगर प्रहरी मार्फत स्थानीय उत्पादन शुल्क संकलन गर्दै आएको भिमाद नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा १७ संग सम्बन्धित अनुसूची १६ मा उल्लेखित शीर्षकमा भिमाद नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० बमोजिम खुला बोलपत्र आह्वान गरी ठेक्का मार्फत शुल्क संकलन गर्ने प्रयोजनको लागि विगत वर्षहरुको संकलित राजश्व र आगामी सम्भावनाको आधारमा रु. ३१,००,००० अक्षेरपि एकतीस लाखमा ठेक्का प्रक्रिया अगाडि बढाउन उपयुक्त देखिएको हुँदा सम्बन्धित शाखालाई निर्देशन दिने ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम आ.व. २०८३/०८४ मा सञ्चालन गर्न सम्बन्धित शाखाको प्रस्ताव गरे बमोजिम वित्तिय साक्षरता कक्षा वडा नं. ९ र अर्को वडा नं. ५ छनोट गरी कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं. ७

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.ब. ०८३/८४ मा सङ्घीय समपुरक शीर्षक अन्तरगत लोकतान्त्रिक मोटरमार्ग स्तरोन्नति योजना र प्रदेश समपुरक शिर्षक अन्तरगत भागर देखी जरेबर सम्म मोटरमार्ग स्तरोन्नति योजना को लागि आवश्यक समपुरक बजेट भिमाद नगरपालिकाको आ.व. ०८३/८४ को बार्षिक नगर बिकास योजनाको ८७ समपुरक योजनाको शिर्षकबाट विनियोजित रकमको ६०% हुन आउने रकम र वडा नं. ३ ले आ.ब. ०८३/८४ को वार्षिक नगर विकास योजनामा सोही शीर्षकमा छुटाएको रकम समेत एकमुष्ट भुक्तानि हुनेगरि ठेक्का प्रक्रिया अगाडि बढाउन योजना र पूर्बाधार शाखालाइ निर्देशन दिने ।

निर्णय नं. ८

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिलमा उल्लेखित विषयहरुको सम्वन्धमा व्यवस्थापन गर्न कार्यविधि आवश्यक भएकाले सो सम्बन्धमा कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमती दिने ।

क) भिमाद नगरपालिका श्रम तथा रोजगार नीति, २०८३

ख) तरकारी हाट बजार सञ्चालन कार्यविधि, २०८३

निर्णय नं. ९

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको शिक्षा शाखा बाट पेश भएको शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलाप र कार्यान्वयन गर्नको लागी आ.ब. ०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी कार्यविधि २०८३ स्वीकृत गर्ने ।

निर्णय नं. १०

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ९ मा रहेको बुचाखानी माध्यमिक विद्यालयमा माध्यमिक तह द्वितीय श्रेणीका शिक्षक श्री केशवराज वाग्ले (शिक्षक सङ्केत नं. ७७२७) स्वास्थ्य समस्याका कारण बुचाखानी मा.वि. भिमाद-९ मा जान आउन नसक्ने भएको भनी डाक्टरको सिफारिस सहित निवेदन पेश गरेको हुँदा बुचाखानी मा.वि. भिमाद-९ को विद्यालय व्यवस्थापन समितिको सहमति लिई बुचाखानी मा.वि. मा दरबन्दी रहने तथा तलब भत्ता खाने गरी हाललाई जनज्योति मा. वि. भिमाद-६ को सहमतिको आधारमा काज सरुवा गर्ने ।

निर्णय नं. ११

प्रस्तान नं. ६ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं. १ डुम्रेबेशीका सर्वसाधारण नागरिकहरूलाई घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको डुम्रेवेशी स्वास्थ्य सेवा भवनबाट स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक पर्ने जनशक्ति (कर्मचारी) सम्बन्धित वडा कार्यालयमा

प्रमाणित

रहेको स्वास्थ्य चौकीको दरबन्दीबाट नै व्यवस्थापन गर्ने र अन्य आवश्यक सामाग्रीहरु नगरपालिका बाट व्यवस्था गरी स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**निर्णय नं. १२**

प्रस्तान नं. ६ उपर छलफल गर्दा निवेदक निरोज खनालले भिमाद नगरपालिका वडा नं. ६ मा रहेको निजको आफ्नो जग्गा प्लटीङ्ग नक्सा दर्ता गर्नको लागि निवेदन पेश गरेको हुँदा भिमाद नगरपालिकाको जग्गा प्लटिङ्ग सम्बन्धी कार्यविधि २०८१ बमोजिम स्थलगत निरीक्षण गर्नको लागि प्राविधिक टोलि खटाउने ।

**निर्णय नं. १३**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा भिमाद नगर कार्यपालिकाको कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा रिक्त तपसिल बमोजिमका पदहरुमा करार सेवामा भर्ना गर्ने निर्णय गरियो ।

तपसिल

| क स | पद | संख्या | रिक्त रहेको संस्था |
|---|---|---|---|
| १ | मेडिक अधिकृत (आँठौ तह) | १ | भिमाद प्रथामिक स्वास्थ्य केन्द्र |
| २ | अ.न.मी. (चौथो तह) | १ | ऋषिपाटन आधारभूत स्वास्थ्य केन्द्र |
| ३ | अ.हे. ब. (चौथो तह) | १ | बोमाटार सामुदायसक स्वास्थ्य इकाइ |

**निर्णय नं. १४**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको तपसिल बमोजिमको योजना भिमाद नगरपालिकाको विभिन्न वडा को सिफारिसमा योजनाको नाम संशोधन गर्ने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| क.स | योजनाको नाम | विनियोजित रकम रु | वडा नं. | सि.नं. | संशोधन पछि योजनाको नाम |
|---|---|---|---|---|---|
| १ | अर्खला भञ्ज्याङ मैदिखोला कृषि मोटरमार्ग स्तरोन्नती | ४,००,००० | २ | १७ | बन्दीछाप पैदल मार्ग सिढी तथा पिपलबोट चौतारी निर्माण योजना |
| २ | जनज्योति मा. बि. मा शहिद पार्क संरक्षण | ३,००,००० | ६ | २७ | जनज्योति मा.बि. को गेट अगाडिको शहिद पार्क संरक्षण योजना |
| ३ | प्रगती टोल बाँसघारीको उकालो ढलान तथा डिबिसी वाल निर्माण | २,५०,००० | ६ | १७ | शहिद पार्क टोल नाला मर्मत तथा झोलुङ्गे पुल संरक्षण योजना |

**निर्णय नं. १५**

भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयहरू तथा पदाधिकारीहरूलाई विपक्षी बनाई सम्मानित अदालतमा दायर भएका,वा हुन सक्ने वा कार्यालयको हक-हित र सरोकार निहित भई चालु रहेका मुद्दाहरूमा कार्यालयको तर्फबाट लिखित जवाफ दर्ता

प्रमाणित

गर्ने, तारेखमा बस्ने, पुर्पक्ष गर्ने तथा समग्र प्रतिनिधित्व गर्ने कार्यका लागि तपसिलका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी प्रदान गर्ने ।

तपसिल

| क.स. | नाम | पद / तह | कैफियत |
|---|---|---|---|
| १. | श्री सन्दिप पौडेल | उपसचिव/ नवौ तह | |
| २. | अजय सुवेदी | प्रशासकीय अधिकृत/ सातै तह | |
| ३. | विनिता राना | न्यायिक सहजकर्ता/सातौ तह | |